# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।१०।२१ गते

# प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको ।

जनकपुर भन्सार कार्यालय, धनुषामा कार्यरत नायब सुब्बा अहमद रजा अन्सारीले नेपाल-भारत सिमा बजारबाट घरायसी सामानहरु ल्याउन सहज गराई दिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निज अहमद रजा अन्सारीलाई सेवाग्राहीबाट रु. १,५०,०००।— (एक लाख पचास हजार) घुस/रिसवत लिइसकेको अवस्थामा जनकपुर उप-महानगरपालिका वडा नं. ८ पिडारी चोक, धनुषाबाट उक्त रकमसहित मिति २०७६।१०।२० गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला